# सोलुदुधकुण्ड नगरपालिका

ༀ།།སོ་ལུ་དུད་ཁུང་ལྷོ་གྲོང་ཁྱེར་གྱི་ལས་ཁུངས།

# नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश, नेपाल

**आन्तरिक आय जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी सम्बन्धी वढावढको सूचना।**

**प्रथम पटक प्रकाशित मिति :- २०८०/०४/१८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा व्यवस्था भए अनुसार यस सोलुदुधकुण्ड नगरपालिकाको १२ औं नगरसभाबाट निर्णय भए बमोजिम सोलुदुधकुण्ड नगरपालिका अन्तर्गत आन्तरिक आय संकलनको लागि आ.ब. ०८०/०८१ सम्मको लागि तपशिल बमोजिमको आन्तरिक आय अन्तर्गत सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी कर ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म/ कम्पनी/ निर्माण व्यवसायी/ सप्लायर्सले तपसिलको शर्तहरूको बन्देजको अधिनमा रहि यस नगरपालिकामा तोकिएको समयभित्र वढावढको सिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| क्र.सं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अंक रु. | सिलबन्दी प्रस्ताव बुझाउने अन्तिम समय र मिति | सिलबन्दी प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| १. | सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र जडिबुटी, कवाडी र जीवजन्तु कर संकलन तथा निकासी कर | मिति २०८१ असार मसान्त सम्म | १५,००,०००।– (भ्याट सहित पन्ध्र लाख रुपैया मात्र) | मिति २०८०/०४/३२ गते कार्यालय समय सम्म। | मिति २०८०/०५/०१गते दिनको २:०० बजे |

१. प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८०/०४/३२ गते) भित्र कार्यालय समयमा प्रस्तावपत्र पेश गर्नु पर्नेछ।

२. प्रस्तावदाताले फर्म / संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि, नियम अनुसारको कर चुक्ता भएको प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ।

३. प्रस्तावदाताले वढावढमा कवोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक लिमिटेड, सोलुखुम्बु शाखामा रहेको धरौटी खाता च.हि.न. २०२०१००३०३००००५ मा जम्मा वा कार्यालयमा नगदै बुझाएको रसिद भौचर संलग्न राखि पेश गर्नु पर्नेछ।

४. सिलबन्दी प्रस्ताव-पत्र पेश गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ।

५. सिलबन्दी प्रस्तावपत्र खामको बाहिर ठेक्काको विषय खोलि यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्नेछ।

६. रीतपूर्वक दाखिला भएको प्रस्तावपत्र तोकिएको मिति र समयमा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा सोलुदुधकुण्ड नगरकार्यपालिकाको कार्यालयमा नियम अनुसार खोलिनेछ। तर प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि प्रस्तावपत्र खोल्न बाधा पर्ने छैन।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिइने छैन।

८. प्रस्ताव पत्रको फाराम कार्यालयको राजस्व शाखाबाट नि:शुल्क रुपमा प्राप्त गर्न सकिनेछ।

कोपिला राई

प्रमुख प्रशासकीय अधिकृत